05 January, 2026

National News

मुख्य समाचार

1. प्रधानमन्त्री मोदीले सोमनाथ मन्दिर आज पनि करोडौँ भक्तजनका आशाका अनन्त नाथ हो भन्नुभयो

2. रक्षामन्त्री राजनाथ सिंहद्वारा भारतीय तटरक्षक जहाज समुन्द्र प्रतापको शुभारम्भ

3. विदेश मन्त्री डा. जयशङ्कर फ्रान्स र लक्जमबर्ग यात्राका लागि प्रस्थान

4. केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानद्वारा 'खतबात-ए-मोदी' नामक पुस्तकको लोकार्पण

5. जल शक्ति मन्त्ीी सी.आर. पाटिलको अध्यक्षतामा नयाँ दिल्लीमा सशक्त कार्यदलकाे १७ औँ बैठक सम्पन्न

1. प्रधानमंत्री सोमनाथ

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो, "सोमनाथ मन्दिर आक्रमण भएर पनि भारतीय सभ्यताको आत्माको जिवन्त उदाहरणका रूपमा शानसँग खड़ा छ। श्री मोदीले भन्नुभयो, यो वर्ष यसकारण महत्वपूर्ण छ किनकि आजभन्दा एकहजार वर्ष पहिला विदेशी आतङ्कीहरूद्वारा सोमनाथ मन्दिरमा आक्रमण गरेको थियो। प्रधान मन्त्रीले भन्नुभयो, सोमनाथ शब्द सुन्दै देशवासीहरूका मनमा अद्‌भूत साहस र गर्वको अनुमभूति हुन्छ।

2. राजनाथ-समुद्र प्रताप

रक्षामन्त्री राजनाथ सिंहले आज गोवामा भारतीय तटरक्षक (ICG) को पहिलो स्वदेशी रूपमा डिजाइन गरिएको र निर्मित प्रदूषण नियन्त्रण जहाज समुन्द्र प्रतापको शुभारम्भ गर्नुभयो। यो जहाजले समुद्री प्रदूषण नियन्त्रण नियमहरू लागू गर्न, समुद्री कानून प्रवर्तन, खोज र उद्धार कार्यहरू लागू गर्न र देशको विशेष आर्थिक क्षेत्रको सुरक्षा गर्न एउटा महत्वपूर्ण मञ्चका रूपमा काम गर्नेछ। ७० प्रतिशतभन्दा बढी घरेलु सामग्री भएको पहिलो स्वदेशी रूपमा विकसित प्रदूषण नियन्त्रण जहाजको रूपमा यसको सञ्चालन पहुँच विस्तार गर्न हेलिकप्टर ह्याङ्गर रहेको छ।

समुद्र प्रतापको सञ्चालनमा, रक्षामन्त्रीले जहाजलाई देशको सामूहिक संकल्प र समुद्री विश्वासको प्रतीकको रूपमा प्रशंसा गर्नुभयो। श्री सिंहले जलवायु परिवर्तनको सामना गर्दा समुद्री जैविक विविधताको संरक्षण गर्नु नैतिक जिम्मेवारी हो भन्ने कुरामा जोड दिँदै, जहाजले कोरल चट्टानहरू र तटीय समुदायहरूको सुरक्षा गर्नेछ भन्ने कुराको उल्लेख गर्नुभयो।

3. जयशंकर- लक्जमबर्ग

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशङ्कर हिजो राती फ्रान्स र लक्जमबर्गका आधिकारिक यात्राका लागि प्रस्थान गर्नुभयो। एक हप्ताहभरीको यात्रा अवधिमा डा. जयशङ्करले पेरिशमा फ्रान्सका विदेश मन्त्री ज्याङ्ग नोएल बारोतसँग बातचित गर्नुहुनेछ। मुख्य रूपमा दुवै देशबीच रणनीतिक साझेदारी र वैश्विक मुद्दामाथि बातचित हुनेछन्। विदेश मन्त्रालयले बताएअनुसार डा. जयशङ्करले फ्रान्सका राजदूतहरूको 31औँ सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ।

यात्राको दोस्रो चरणमा विदेश मन्त्री लक्जमबर्ग जानुहुनेछ। उहाँको लक्जमबर्कका उप-प्रधानमन्त्री र विदेश मन्त्री जेबियर बीटलसँग बातचित हुनेछ। उहाँले लक्जमबर्गमा भारतीय नगारिकहरूलाई पनि भेट्नुहुनेछ।

4.धर्मेंद्र प्रधान - पीएम पुस्तक

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लामा 'खतबात-ए-मोदी' नामक पुस्तकको लोकार्पण गर्नुभयो। शोशल मीडिया पोस्टमा श्री प्रधानले भन्नुभयो, यो पुस्तक वर्ष 2014 देखि 2025 सम्मको प्रधानमन्त्री मोदीले स्वतन्त्रता दिवस समारोहमा दिनुभएको भाषणको सङ्कलन हो। उहाँले भन्नुभयो, पुस्तकमा सबैका साथ, सबैका विकास र सबैका प्रयास को सिद्धांमा आधारित प्रधानमन्त्रीको कार्यशैलीलाई प्रमुखतामा राखेर वर्णन् गरिएको छ। उहाँले बताउनुभयो, अन्त्योदय, स्वच्छ भारत अभियान र राष्ट्रीय हितसँग जोडेका अनेकौँ महत्वपूर्ण विषयहरू पनि पुस्कतकमा सामेल गरेको छ। यो पुस्तक प्रधानमन्त्रीका उर्दू भाषामा अनुवादित भाषणहरूको सङ्कलन हो र यसलाई उर्दू भाषाको राष्ट्रीय सम्वर्द्धन परिषदद्वारा प्रकाशित गरिएको छ।

5. दिल्ली - शीतकालीन सत्र

दिल्ला विधानसभाको शीतकालीन सत्र आजदेखि शुरू भएको छ। यो सत्र 8 जनवरीसम्म चल्नेछ। सत्रको क्रममा बढ्दो प्रदूषण, पर्यावरण तथा शीश महल परियोजना र दिल्ली जल बोर्डसँग सम्बन्धित नियन्त्रक एवम् महालेखा परीक्षकको प्रतिवेदनसहित विभिन्न मुद्दाहरूमाथि चर्चा हुनेछ।

सत्रभन्दा पहिला दिल्ली विधानसभा अध्यक्ष विजेन्द्र गुप्ताले हिजो विधानसभा परिसरमा निरीक्षण गर्नुभयो। साथै उहाँले प्रशासनिक, तकनीकी र डिजिटल व्यवस्थाहरूबारे समीक्षा गर्नुभयो। श्री गुप्ताले भन्नुभयो, “शीतकालीन सत्रको मुख्य उद्देश्य सदनको मर्यादा कायम राख्दै सुचारु रूपले कार्यवाही सञ्चालन गर्नु हो। ”

6. जल शक्ति - नमामी गङ्गे

जल शक्ति मन्त्री सी.आर. पाटिलको अध्यक्षतामा आज नयाँ दिल्लीमा सशक्त कार्यदलक ो १७ औं बैठक सम्पन्न भयो। बैठक नमामी गङ्गे कार्यक्रम अन्तर्गत डेटा-आधारित निर्णय लिने, अनुगमन संयन्त्र र अनुपालन ढाँचाहरूलाई सुदृढ पार्ने कुरामा केन्द्रित रहेको थियो, जसमा ड्रेनेज म्यापिङ र ढल प्रशोधन पूर्वाधारको बढ्दो निगरानीमा विशेष जोड दिइएको थियो।
श्री पाटिलले चालू क्यालेन्डर वर्षमा १५ प्रदूषण न्यूनीकरण पूर्वाधार परियोजनाहरू सम्पन्न भएकोमा प्रशंसा गर्दै यसलाई गङ्गा पुनरुत्थानको लागि जारी प्रय ासहरूमा महत्त्वपूर्ण उपलब्धि हो भन्नु भयो। उहाँले सबै राज्यहरूलाई राष्ट्रिय ढाँचामा पङ्क्तिबद्ध प्रशोधित पानीलाई सुरक्षित पुन: प्रयोग गर्नका लागि नीतिलाई शीघ्र लागू गर्न निर्देशन दिनुभयो।

7. रक्षा मंत्रालय- बैण्ड प्रतियोगिता

राष्ट्रीय स्कूल बैण्ड प्रतियोगिता 2025-26 को ग्राण्ड फिनाले आगामी 24 जनवरीमा नयाँ दिल्लीमा आयोजन हुनेछ। रक्षा मन्त्रालयअनुसार यस प्रतियोगिताको उद्देश्य विद्यार्थीहरूमा आफ्नो संस्था तथा राष्ट्रप्रति एकता, गौरव र आफ्नोपनको भावना उजागर गर्नु हो।
मन्त्रालयले प्रेस वार्तामा देशभरीमा राज्यस्तरीय प्रतियोगिता सफलतापूर्वक आयोजना गरेको जनाएको छ। राज्य स्तरमा 33 राज्य र केन्द्र शासित प्रदेशहरूको कूल 824 स्कूल बैण्डले पञ्जीकरण गरेको तथा ग्राण्ड फिनालेमा प्रत्येक जोनबाट चुनिए चार-चार टिमसहित कूल 16 फाइनलिस्ट बैण्ड प्रतिस्पर्धामा भाग लिने प्रेसवर्तामा मन्त्रालयले जनाएको छ।

8. झारखण्ड-स्कूल

झारखण्डमा भीषण चीसोका कारण राची र जमशेदपुरका सबै विद्यालयहरू 6 जनवरीसम्म बन्द रहनेछ। मौसम विभागले राज्यका कैयौँ भागहरूमा चीसो बढ्नेबारे सावधानी जारी गरेको छ। राचीमा अघिलो आदेशसम्म यल्लो अलर्ट जारी गरिएको छ।

यदि यस समय कुनै विद्यालयमा परीक्षा निर्धारित गरिएको छ भने विद्यालयस्वयम्ले परीक्षा सञ्चालन गर्ने निर्णय लिनुपर्नेछ। 10 औँ र 12 औँ श्रेणीको कक्षा लिनेसम्बन्धमा विद्यालय अधिकारीले छुट्टै निर्णय लिनसक्नेछन्। सरकारी विद्यालय शिक्षकहरूका लागि भोलि खुल्ला रहने छन्, जहाँ गैर-शैक्षणिक कार्य सम्पन्न हुनेछ।

9. राष्ट्रीय बक्सिङ चैम्पियनशीप

2018 एशियाई खेलका स्वर्ण पदक विजेता पङ्घाल र हरियाणाका सागरले आज ग्रेटर नोएडामा सम्पन्न एलीट पुरुष तथा महिला राष्ट्रिय बक्सिङ चैम्पियनशीपमा विजय प्राप्त गरे। अमितले बिहारका उस्मान मोहम्मद सुल्तानलाई हराएर विजयी बने।

हैवीवेट वर्गमा, सागरले केरल ाका एडविनको कठोर प्रतिद्वन्दिता सामना गर्नपरे तापनि अन्तमा बिभाजित निर्णयबाट उनले जीते।

यो प्रथम पुरुष र महिला राष्ट्रिय चैम्पियनशीप एकै स्थानमा एकैसाथ आयोजान गरिएको पहिलो पटक हो। देश भरिबाट पुरुष तथा महिला वर्गमा 600 बक्सरले 10-10 ओजन श्रेणिमा भाग लिइरहेका छन्।

10. पीआईबी फैक्टचेक – वित्त

सरकारले सोशल मीडियामा प्रसारित हुँदै गरेको उक्त खबरको खण्डन गरेको छ, जसमा बित्त मन्त्रालयले नगद पुरस्कार प्रदान गरिरहेको दावा गरेको छ। पत्र सूचना कार्यालयको फेक्ट चेक इकाईले बताएअनुसार यो दावा फर्जी र घोटालाको हिस्सा हो। इकाइले सरकारद्वारा यस्ता कुनै योजना घोषणा नगरेको बताउँदै नागरिकहरूलाई यस्ता योजनाहरूको प्रलोभनमा नआउन आग्रह गरेको छ।